फोन नं.: ०५३-५५०१३३,
फ्याक्स नं.:०५३-५०००० 
ईमेल नः- daobara33700@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बारा, कलैया

प.स. ०७७/०७८(मुद्दा)च.न. ८९१२ मितिः २०७७/१२/०४

विषयः- नागरिकता सिफारिस गर्ने वारे ।

श्री स्थानीय तह सवै,
बारा ।

उपरोक्त सम्बन्धमा सम्बन्धित वडाका वडा अध्यक्ष र वडा अध्यक्षले आ-आफ्ना वडाबाट नागरिकता वा प्रतिलिपी नागरिकताको अनुसुचि सिफारिस गर्दा वा सो सँग सम्बन्धित अन्य केही कागजातहरु सिफारिस गर्दा नेपालको संविधान, नेपाल नागरिकता ऐन नियम तथा तपशिलमा उल्लेखित जानकारीहरुबाट सु-सुचित भई सोही अनुसारका प्रमाण र प्रकृयाहरु पुऱ्याई सिफारिस गर्नका तहाँ पालिका स्थित सम्पूर्ण वडामा वडाअध्यक्ष, वडा सदस्य र वडा सचिव सवैले प्राप्त गर्ने गरी परिपत्र गरिदिनु हुन अनुरोध छ ।

तपशिलः-

१. बंशजको नाताले नेपाली नागरिकता सिफारिस गर्दा देहाय अनुसार गर्नेः-

- अनुसूचि-१ को ठाँचामा निवेदन सहितको सिफारिस,
- वावु, आमाको नागरिकता प्रमाणपत्र,
- वावुको नागरिता प्रमाणपत्र नभए तीन पुस्ता भित्रको वंशजको नातेदारको नागरिकता प्रमाणपत्र पत्र र फोटो सहितको नाता प्रमाणित,
- जन्म दर्ता प्रमाणपत्र, व्यक्तिगत घटना दर्ता ऐन लागु हुनु पुर्वको भए जन्म सिफारिस
- अध्ययन गरेको हकमा शैक्षिक योग्यताको प्रमाणपत्र,
- वावु, आमा, दाजु, दिदी, भाई, वहिनी वा नाता खुल्ने ३ पुस्ता भित्रका वंशजको नागरिकता प्रमाणपत्र सहित सनाखत गर्न संगै पठाउने,
- जन्म दर्ता प्रमाणपत्र र शैक्षिक योग्यतामा नाम जन्म मिति वा दुवै फरक परेकाको हकमा देहाय अनुसारका थप कागजात संलग्न गरी पठाउनेः
  - जन्ममिति नाम फरक पर्नुको कारण सहितको किटानी सिफारिस पत्र
  - नागरिकता आवेदकको दिदी दाजु र वहिनी भाईको जन्म मिति खुल्ने कागजात (एउटै आमा वुवाबाट जन्मेका सन्तानहरु २/४ दिन/महिनाको फरकमा जन्मेको देखिदा पर्न सक्ने कानूनि जटिलता निवारणका लागि आवश्यक भएकोले)

प्रमुख जिल्ला अधिकारी